"कला संस्कृतियुक्त, स्वच्छ समुन्नत टोखा नगर"

टोखा नगरपालिका

टोखा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः ०८३/८४ (शिक्षा, युवा तथा खेलकुद शाखा)
च.नं.: ४२३

मैजुहिटी, काठमाडौं
बाग्मती प्रदेश, नेपाल।
मितिः २०८३|०५|१६
ने.सं.: ११४६ गुँलागा ४/५ मंगलवार

## छात्रवृत्ति आवेदन सम्बन्धी सूचना

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरू (सबै)
टोखा नगरपालिका, काठमाडौं ।

प्रस्तुत सम्बन्धमा यस टोखा नगरपालिकाको चालु आर्थिक वर्ष २०८३।८४ को स्वीकृत कार्यक्रमअनुसार यस नगरपालिका अन्तर्गतका सामुदायिक (कक्षा ११-१२) तथा संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई शैक्षिक सत्र २०८३ मा विद्यालय शिक्षा र उच्च शिक्षा अध्ययनका लागि टोखा छात्रवृत्ति कोष (संचालन) कार्यविधि, २०७९ अनुसार छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था भएको हुँदा छात्रवृत्ति कोष संचालन समितिको मिति २०८३।०५।१६ गतेको निर्णयानुसार तपसिल बमोजिमको मापदण्ड पूरा गर्ने विद्यार्थीहरुले मिति २०८३।०६।२० गतेभित्र आवश्यक कागजातसहित नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### छात्रवृत्तिको कोटासम्बन्धी व्यवस्था

| क.सं. | कक्षा वा तह | अधिकतम सङ्ख्या |
|---|---|---|
| १ | बालविकास कक्षा वा पूर्व प्राथमिक विद्यालय | १० |
| २ | आधारभूत तह (कक्षा १-८) | १५ |
| ३ | माध्यामिक तह (कक्षा ९-१०) | ५ |
| ४ | माध्यामिक तह (कक्षा ११-१२) | ४ |
| ५ | स्नातक वा सो सरह | २ |
| ६ | स्नातकोत्तर तह वा सो भन्दा माथि | १ |
| जम्मा | | ३७ |

### छात्रवृत्ति छनोटका आधारहरू

| स्थानीयता | विपन्नता | दलित | बाबु वा आमामध्ये कुनै एक वा दुवै अभिभावक साथमा नभएको | अपाङ्गता | छात्रा | कर्मचारी सन्तती | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १० | १० | १० | १० | ५ | २ | ३ | ५० |

Phone No:- ०१-४९८५०१३, website:- www.tokhamun.gov.np Email:-info@tokhamun.gov.np

"कला संस्कृतियुक्त, स्वच्छ समुन्नत टोखा नगर"
टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः ०८३/८४ (शिक्षा, युवा तथा खेलकुद शाखा)
च.नं.: ४२३

मैजुहिटी, काठमाडौं
बाग्मती प्रदेश, नेपाल ।
मितिः २०८३।०५।१६
ने.सं.: ११४६ गुँलागा ४/५ मंगलवार

**आवेदन साथ पेस गर्नुपर्ने कागजातहरू**

१. तोकिएको ढाँचामा निवेदन ।
२. स्थानियताको हकमा नागरिकता वा बसाइसराइको प्रमाणपत्र तथा अपाङ्गता र दलितको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रतिलिपि ।
३. विपन्नताको हकमा गरिवीको परिचय पत्रको प्रतिलिपि वा सो नभएको अवस्थामा सम्बन्धित स्थानिय तहले व्यहोरा खुलाई दिएको सिफारिसको सक्कलै पत्र ।
४. जन्म दर्ता वा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
५. सम्बन्धित शैक्षिक संस्थाको अध्ययनरत रहेको सिफारिस पत्र ।
६. आफू अध्ययन गरिरहेको कक्षाभन्दा तल्लो कक्षाको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।
७. विद्यार्थी स्थायी रुपमा बसोबास गर्दै आएको वडा कार्यालयको सिफारिस पत्र ।
८. कर्मचारी वा सन्तति परिवारको बालबालिकाको हकमा अभिभावकको नियुक्ति पत्र ।
९. बाबु वा आमामध्ये कुनै एक वा दुवै अभिभावक नभएको हकमा सम्बन्धित वडा र जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको प्रतिलिपि ।
१०. अघिल्लो कक्षामा छात्रवृत्ति पाएको भएमा जम्मा विद्यालय खुलेको दिनको ७० प्रतिशत हाजिरी भएको विद्यालयको सिफारिस पत्र ।
११. आफू अध्ययनरत रहेको शैक्षिक संस्थाको खाता रहेको बैंकको चेकको प्रतिलिपि ।
१२. संस्थागत विद्यालयको हकमा विद्यालयको स्थायि लेखा नम्बर ।

सीताराम कोइराला
प्रमुख शिक्षा अधिकृत

द्रष्टव्यः छात्रवृत्ति आवेदन फारम शिक्षा, यूवा तथा खेलकुद शाखाबाट प्राप्त गर्न सकिनेछ ।